शिवसताक्षी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

व्याडडाडा, झापा

कृषि विकास शाखा

कोशी प्रदेश, नेपाल

प.सं. ०८०/८१

च. नं.

## तोरी खेती प्रवर्द्धन कार्यक्रम सञ्चालनका लागि प्रस्ताव आव्हान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित:-२०८०/०७/१०

यस शिवसताक्षी नगरपालिका कृषि विकास शाखाको चालु आ.व. ०८०/०८१ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार कोशी प्रदेश शसर्त अनुदान तर्फको **तोरी खेती प्रवर्द्धन कार्यक्रम** संचालन गरिने हुदाँ इच्छुक कृषक समूह/कृषि सहकारी/कृषि फर्महरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र (२०८०/०७/२४ गते सम्ममा) यस कार्यालयमा प्रस्ताव दर्ता गर्नुहुन आव्हान गरिन्छ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा जानकारी गराइन्छ ।

| क्र.सं. | कार्यक्रमको नाम | कार्यक्रम संचालन गर्नुपर्ने क्षेत्रफल | संख्या | अनुदान रकमको सिमा वा प्रतिशत |
|---|---|---|---|---|
| १ | तोरी खेति प्रवर्द्धन कार्यक्रम | १० विगाह क्षेत्रफलमा तोरी खेति गर्नुपर्नेछ | १० | ७५ % वा बढीमा १ लाख |

संलग्न गर्नुपर्ने आवश्यक कागजातहरु

१। शिवसताक्षी नगरपालिकाको कृषि विकास कार्यक्रम संचालन सम्बन्धि कार्यविधि,२०७९ को अनुसुचि २ बमोजिमको आवेदन फारम र अनुसुचि ३ बमोजिमको व्यवसायिक योजना ।

२। अनुसुचि ४ बमोजिमको समान प्रकृतिको अनुदान नलिएको स्वघोषणा पत्र ।

३। सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।

४। समूह/संस्था दर्ता तथा नविकरण प्रमाण पत्र साथै PAN वा VAT प्रमाण पत्रको प्रतिलिपि ।

५। निवेदकको नागरीकता र संस्थाको वैठकको निर्णयको प्रतिलिपि साथै कार्यक्रम कार्यान्वयन गर्न अख्तियारीको निर्णय ।

६। आ.व.२०७९/०८० को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि ।

७। जग्गा धनिपूर्जा प्रमाण पत्रको प्रतिलिपि/भाडा वा अधिया/ठेक्का लिएको भए सम्झौता पत्र साथै चालु आ.व.को सम्पति कर तिरेको रसिदको प्रतिलिपि ।

*नोट:- अनुसुचि २ बमोजिमको प्रस्ताव, अनुसुचि ३ बमोजिमको व्यवसायिक योजना र अनुसुचि ४ बमोजिमको स्वघोषणा पत्र सम्बन्धित वडा कार्यालय वा नगरपालिकाको कृषि विकास शाखा बाट प्राप्त गर्न सकिने छ।*